DIGO BIKAS INSTITUTE

Thousand Currents

# जनस्थरबाट हुन सक्ने जलवायु समाधानका ७ उदाहरण

(जुन परम्परागत बिधिबाट फरक छन् )

| जलवायु समस्याको परम्परागत समाधान | | भुईस्थर समाधान |
|---|---|---|
| **बजार सन्चालित**<br>निजी र सार्वजनिक रुपमा बजारीकरण भइरहेका सोलार योजनाहरुले विधमान पावर ग्रिड फिड गर्दछ र उपभोक्तालाई भन्दा उत्पादक कम्पनी (कर्पोरेट) लाई मात्र फाइदा पुग्दछ । | सोलार | **मानब केन्द्रित**<br>समुदायको स्वामित्वमा रहने सोलार माइक्रो ग्रिडले उपभोक्ताहरुलाई उर्जामा र आर्थिक स्वायत्तता पनि प्रदान गर्दछ । |
| **छोटो अवधिको द्रुत समाधान**<br>जमिनमुनि पानीको सतहसम्म पुग्ने ट्युववेल खनेर समाधान लिन त सकिन्छ । तर यसले दिर्घकालिन रुपमा पानीको सुरक्षा र साथै आपूर्ति र माटोको स्वास्थ्यलाई दीर्घकालीन असर पुग्ने हुन्छ । | पानी | **दिर्घकालिन उत्थानशिल्ता**<br>वर्षाको पानी संकलन गर्ने गरी योजनाहरु तर्जुमा गरी कार्यान्वयन गर्न सकिन्छ । जसले जैविक र स्थानीय रुपमा उपलब्ध सामाग्रीबाट बनेका जलाधरलाई संरक्षण गर्दछ । |
| **ठूलोलाई राम्रो ठानिने मापन**<br>नविकरणीय समाधान (जलबिधुत, सोलार, बायु आदि)को प्रक्रियामा प्रभावित समुदायको कुनै पनि सइलइता नहुँदा स्थानीय, महत्वपूर्ण जलमार्ग तथा स्थानिय श्रोतहरु साथै अर्थव्यवस्थालाई पनि समर्थन गरिरहेको हुँदैन । | शासन विधि | **सामुदायिक नेतृत्वका समाधान**<br>निर्णय लिने अधिकार समुदायको स्वामित्वमा रहेको हुन्छ । परियोजनाहरु सही तरिकाले चयन हुन्छ र श्रोतहरुले स्थानीय उत्थानशिल्तालाई सहयोग गर्छ । |
| **शीर्ष बाट तल हुने नविनता**<br>कर्पोरेट को पहलमा व्यवसायिक प्रयोजनका लागि जलवायु मैत्री कृषिले कृषि प्रणालीमा निर्भरताको चक्र सृजना गर्छ जुन प्रकोप र परिवर्तनशीलता संग उत्थानशिल छैन । | कृषि | **जडबाट हुने नविनता**<br>क्षेत्र गत भिन्न रहेको कृषि पर्यावरण जस्ले आर्थिक, सामाजिक र प्राकृतिक प्रणालीलाई विचार गर्दछ र मुख्य रुपमा जैविक दृष्टिबाट विविध, उत्थानशिल र सार्वभौम खाद्य प्रणालीलाई प्रोत्साहित गर्दछ । |
| **प्राविधिक समाधान**<br>करपोरेट मुख्य समाधान अन्तर्गत रहेको रसायनमा निर्भर रहने हाइब्रिड बिउले डाउनस्ट्रीम एक्स्टरन्यालिटीलाई ध्यान दिदेन । यसले माटोको स्वास्थ्य, वीउको विविधता र वरपर को इको प्रणालीलाई गम्भीर अवसर गर्छ साथसाथै स्थानिय किसानहरुको स्थानिय अर्थतन्त्रमा र शसक्तीकरणमा पनि बाधक रुपमा कार्य गर्छ । | बिउ बचत | **समग्र समाधान**<br>सामुदायिक वीज बैंकहरुले जैविक विविधता सुनिश्चित गर्न सक्छन् र समुदायमा आधारित बजारजस्ता गतिविधिको माध्यमबाट परम्परागत कृषि प्रविधिको पनि संरक्षण गर्दछ । |
| **संकट = डर**<br>प्राकृतिक प्रकोपले प्रकोप पुंजीबादको ढोका खोलिदिन्छ । जहाँ आफूलाई ठूला वर्गका भन्न रुचाउने एलिटले यस्तो अवस्थामा सबैलाई प्रभावमा पारेर आफूलाई फाइदा हुने गरी नीति बनाउँछन् । यसले सार्वजनिक हितका कार्य गर्ने सम्भावना अत्यन्तै न्यून हुन्छ । | नीति | **संकट = एकता**<br>सामुदायिक नीति निर्माण गर्दा स्थानीय ज्ञान, सोच, संसाधनमा आधारित रहेर गर्ने र साथै समुदायका लागि छोटो, मध्यम र दीर्घकालीन आवश्यकताहरु पूरा गर्न प्रभावकारी हुन्छन् । |
| **नाफालाई प्रोतसाहन गर्ने**<br>सामुहिक सम्पति भन्दा उपभोक्तावादी संस्कृतिलाई बढी महत्व दिदँदा व्यक्तिगत सवारीको माग, हवाइजहाज यात्रा, एकपल्ट मात्र प्रयोग गर्न मिल्ने प्लास्टिक तथा छोटो आयु भएका मोबाइल लगायतको उपयोगिता बढ्दो छ । | संस्कृति | **मूल कारणहरुको सम्बोधन**<br>एकआपसमा निर्भर, सांस्कृतिक रुपमा सूचित र विविधतापूर्ण स्थानीय क्रियाकलापले इन्धन तथा पुन: प्रयोग गर्न नमिल्ने फोहोरहरु साथै खनिज इन्धनको प्रयोग उत्पादन तथा खपत कम गर्न सहयोग गर्नेछ । जस्तै: सार्वजनिक यातायात व्यवस्था, धेरै वर्ष प्रयोग गर्न मिल्ने मोबाइल आदि । |

लेखन: अभिषेक श्रेष्ठ र त्रिशला देब

डिजाइन: भेरोनिका मोरेनो

DIGO BIKAS INSTITUTE

Mahadevsthan, Kathmandu, Nepal | +977 1 4600656 | info@digobikas.org

www.digobikas.org | /digobikasinstitute | /digobikasdotorg

**Learn more:**

https://thousandcurrents.org/clima-grassroots-climate-solutions-fund/